




लोकतान्त्रिक मधेशी मोर्चा,२०७९

साझा अवधारणा

वर्चस्ववाद र विभेदी मानसिकताको निरन्तरताले मधेशी, थारु, मुस्लिम, दलित (शिल्पी) संगको भेदभाव नेपालगंज र लहानमा उग्रता लिए पछि प्रतिकार स्वरुप उठेको मधेश आन्दोलन, नेपालको जनताको समानता र समान अधिकार निमित्त अहिलेसम्म भएका आन्दोलनहरु मध्ये विशिष्ट रहेको र यसको एजेन्डाको सम्वोधनले नेपालको हिमाल, पहाड वा तराई सबै क्षेत्रको सिमान्तिकरणमा पारिएका जनताले भोग्न बाध्य भेदभाव जनित समस्याको समाधान हुने वास्तविकतालाई मनन गर्दै,

विविधतापूर्ण नव-राष्ट्रियताको निर्माणको निमित्त पहिचानको सम्मान, एकात्मक राज्यको संघीय संरचनामा रुपान्तरण, स्वशासन, राज्यका हरेक अंगमा समानुपातिक समावेशिता, सिमान्तिकरणमा पारिएका समूहहरुको उत्थानको निमित्त सकारात्मक विभेद, जस्ता महत्वपूर्ण एजेन्डा र त्यसको सम्वोधनको निमित्त मधेश र थरुहटमा भएको शहादतपूर्ण कठीन संघर्षले नै देशमा गणतन्त्रको स्थापना र संघीयता लगायत अग्रगामी रुपान्तरणतिरका पाईलाहरु सम्भव भएको तथ्यमाथि जोड दिंदै समानुपातिक समावेशिताको पूर्ण अभ्यास, स्वशासनको वास्तविक फड्को, विभेदको मानसिकताबाट मुक्ति, भ्रष्टाचारको अन्त्य र सुशासनको संस्थागत अनुभूति जस्ता उपलब्धि प्राप्त गर्न यस अग्रगामिताको मशाललाई अझै दृढताका साथ आगाडि बढाउनु पर्ने अनिवार्यता रहेको आत्मसात गर्दै,

संघर्षको अहिलेसम्मको बाटोले मधेश र थरुहट आन्दोलनले उठाएका मुद्दाहरुको सम्वोधनको दिशामा आगाडि बढिए पनि आन्दोलनको नेतृत्वपंक्ति भनी स्थापित हुन पुगेकाहरूको चरम सत्ता र पदको लिप्साको कारण समर्पणवादी प्रवृति, व्यक्तिगत स्वार्थ, जातवादी-नातावादी मानसिकता, अवसरवादिता तथा भ्रष्टाचारी आचरण आदिका कारण मधेश-थरुहट आन्दोलनको ओज र प्रभावकारितामा ह्रास एवं आन्दोलनकारीहरु तथा जनतामा निराशाको स्थिति रहेको हुनाले मधेश र थरुहट आन्दोलनका मुद्दाहरू स्थापित गर्न यसप्रति समर्पित आन्दोलनकारी शक्तिहरू एकत्रित र संगठित हुनुको विकल्प नरहेको महशूस गर्दै,

लोकतन्त्र, संघीयता, समानता र हरेक क्षेत्रहरुमा समानुपातिक समावेशिता, पूर्ण समानुपातिक निर्वाचन पद्धति आधारित संसदीय शासन प्रणाली, सुशासनको अभ्यासको ग्यारन्टी, कृषि क्षेत्रको प्रतिफलमूलक सुधार, स्वदेशमै आकर्षक रोजगारको अधिकार र त्यसको व्यवस्थापन, शिक्षा र स्वास्थ्यको गुणात्मक सुधार, समाजमा फैलिएका विकृतिहरु विरुद्ध जनचेतना विस्तार लगायतका विषयमा आगाडि बढ्दै मधेश र थरुहट को आन्दोलनको ओज र प्रभावकारिता पुनः स्थापित गर्न विचार र अभ्यासमा एकरुपता रहने गरी आन्दोलनकारी शक्तिहरुको एकीकृत शक्तिको रुपमा विकासित हुने प्रण लिंदै तराई-मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, इतिहासिक जनता पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रीय सद्भावना पार्टी **'लोकतान्त्रिक मधेशी मोर्चा'**को रुपमा एकजूट हुने निर्णय लिएका छौं ।

लोकतान्त्रिक मधेशी मोर्चाको अवधारणा, प्राथमिकता एवं कार्यदिशाः

१. **<u>संघीय गणतान्त्रिक संसदीय लोकतन्त्रः</u>** जनता नै सबै शक्तिको श्रोत रहेको तथ्याधारित गणतन्त्र, शासन र उत्तरदायित्वमा नागरिक सहभागिताको निमित्त सर्वोत्तम राजनीतिक प्रणाली संसदीय लोकतन्त्र

एवं पहिचान आधारित संघीय राज्यमा नै सिमान्तिकरणमा परेका जनताको उत्थानको सम्भव हुने भएकोले लोकतान्त्रिक मधेशी मोर्चा संघीय गणतान्त्रिक संसदीय लोकतान्त्रिक पद्धतिको मजबूती र संस्थागत गर्नु प्रति सदैव प्रतिवद्ध रहने छ । संघीयता तथा विधिको शासनलाई कमजोर गर्ने विभिन्न षडयन्त्र र कुटिल अभ्यासहरुबाट लोकतन्त्रमाथि भइरहेको प्रहार विरुद्ध केन्द्रित रही लोकतान्त्रिक मधेशी मोर्चाको लोकतान्त्रिक शक्तिहरु बीच एकजूटताको निमित पहल गर्नेछ ।

२. **<u>संविधान संशोधनः</u>** गणतन्त्रको घोषणा, एकात्मक राज्यको पुनर्संरचना, समावेशिता तर्फका केही पाईला, वर्त्तमान संविधानका सकारात्मक पक्ष भए पनि पहिचानमा आधारित रही प्रदेशहरुको सीमांकन, समानुपातिक समावेशिता, पूर्ण समानुपातिक प्रतिनिधित्व, भाषा र संस्कृतिको विशिष्टताको सम्मान, स्थानीय र प्रादेशिक तर्फको संघीय संसदको सदन राष्ट्रीयसभामा जनसंख्या आधारित प्रतिनिधित्व तथा संघीय संसदीय अभ्यासमा राष्ट्रीयसभाको समान भूमिका लगायतका विषयमा त्रुटिहरु सुधार्न संविधानमा संशोधनको अनिवार्यता छ । वर्तमान संविधान मधेश र थरुहटको संघर्षपूर्ण बिरोधको वावजूद जबर्जस्ती घोषित गरिएकोले यो नेपालको जनताको निमित्त सर्वस्वामित्वको नभएको कुरामाथि जोड दिंदै लोकतान्त्रिक मधेशी मोर्चा वर्तमान संविधानमा संशोधनको निमित्त संघर्ष गर्नेछ ।

३. **<u>समावेशिताः</u>** सिमान्तिकरणमा परेका समूहहरु, पिछडिएका वर्ग, दलित (शिल्पी)लाई राजनैतिक, सामाजिक, आर्थिक विभेदबाट मुक्ति र उत्थानको निमित्त हरेक क्षेत्रमा समानुपातिक समावेशिताको अभ्यास एक मात्र उपाय हो । समावेशिताको सिद्धान्तको मर्म अनुसार वर्त्तमान संविधानको संशोधन गरी समानुपातिक समावेशिताको अभ्यासलाई न्यायोचित र सहज बनाउनु पर्ने आजको आवश्यकता हो । संविधानमा भएकै व्यवस्थालाई समेत अभ्यासमा पन्छाइने र वेवास्ता गर्ने कामहरु भइरहेका छन् जो अर्को दुर्भाग्यपूर्ण अवस्था हो । **लोकतान्त्रिक मधेशी मोर्चा** हरेक क्षेत्रमा समानुपातिक समावेशिताको निमित्त संघर्षरत रहने छ ।

४. **<u>पूर्ण समानुपातिक निर्वाचन पद्धतिः</u>** वर्तमान मिश्रित निर्वाचन प्रणालीले वांछित मांग अनुसारको सही प्रतिनिधित्वको छनोट गर्न सकिनरहेको सबैले महशूस गरिरहेका छन् । निर्वाचन अत्यधिक मंहगो भएको छ । धन, बल, विभिन्न खाले हस्तक्षेप, राज्य संचालकहरु बीच नेतृत्वमा रही रहन वैचारिक आधार बिनाको सीटबन्धन आदिका कारण बहुदलीयताको मर्ममाथि नै प्रहार भइरहेको अवस्था छ । सिद्धान्त, विचार, कार्यक्रम र जनताप्रति प्रतिवद्धताको स्थान समाप्त हुँदै गइरहेको छ । मिश्रित निर्वाचन पद्धतिका कारण समानुपातिक निर्वाचन प्रणाली विकृत र नेताहरुको गोजीको खेल भएको छ र अधिकांश अवस्थामा संख्यात्मक गणनामा मात्र सिमित हुन पुगेको छ । निर्वाचन प्रणालीमा आमूल सुधारको आवश्यकता छ । समाधानको एक मात्र उपाय पूर्ण समानुपातिक पद्धति नै हो । पूर्ण समानुपातिक पद्धति अपनाई यसलाई अझ प्रभावकारी बनाउन तथा जनताको मत अनुसारको समूहगत प्रतिनिधित्व स्थापित गर्न प्रदेशलाई निर्वाचन क्षेत्रको रुपमा स्वीकार्नु आवश्यक रहेको लोकतान्त्रिक मधेशी मोर्चाको ठहर हो ।

५. **<u>नागरिकताः</u>** कुनै पनि नागरिकलाई नगरिकताको प्रमाण-पत्रबाट वंचित राख्नु भनेको निजको नागरिक अधिकार खोस्नु र निजलाई 'राज्यविहिनता' को स्थितिमा पारिराख्नु हो । अहिले नेपालका लाखौं नागरिक यस्तै स्थितिको फन्दामा जेलिएका छन् । यसको एक मात्र कारण राज्य संचालकहरुबाट नागरिकता सम्बन्धी ऐन-कानून र प्रक्रियालाई जबरन दबाएर रोकिराख्नु नै हो । धेरै जद्दोजहद पश्चात् संघीय संसदको दुबै सदनबाट दुई पटक पारित भई २०७९/०५/२० मा राष्ट्रपति समक्ष प्रमाणिकरणको निमित्त पठाइएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्ने विधेयक संविधान अनुसार १५ दिनभित्र अर्थात् ५

आश्विन २०७९, बुधबार सम्म प्रमाणिकरण हुनु पर्ने हो । तर, राष्ट्रपतिबाट संवैधानिक व्यवस्थाको प्रतिकूल प्रमाणिकरणको कार्य पूरा गरिएन । संविधानको मर्म अनुसार १५ दिन काटिइसकेपछि उक्त विधेयक स्वतः प्रमाणिकरण भएको हो । संविधानको मर्म अनुसार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्ने विधेयक स्वतः प्रमाणिकरण भएको विधिवत सार्वजनिक गर्न लोकतान्त्रिक मधेशी मोर्चा सम्बन्धित सबैसंग मांग गर्दछ ।

६. **<u>लाल आयोगको प्रतिवेदनः</u>** सर्वोच्च अदलतका पूर्व न्यायाधीश मा. गिरिशचन्द्र लालको अध्यक्षतामा मधेश र थरुहट आन्दोलनको क्रममा घटेका घटनाहरुको निष्पक्ष छानबीन गर्न गठित उच्चस्तरीय आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरिएको छैन । परिणामतः मधेश-थरुहट आन्दोलनको क्रममा राज्यबाट आफ्नै जनतामाथि भए गरिएका दमनको स्पष्ट चित्र बाहिर आउन सकेको छैन । तथ्यहरु तोडमरोड गरिएर जनता आगाडि राखिएका छन् । दोषीहरु पुरस्कृत छन् भने निर्दोषहरु झूठा मुद्दा खेप्दै सजाय भोग्दै छन् । लोकतान्त्रिक मधेशी मोर्चा लाल आयोगको प्रतिवेदनको सार्वजनिकरण र झूठा मुद्दाहरुको खारेजीको जोडदार मांग गर्दछ ।

७. **<u>दलविहिन स्थानीय निर्वाचनः</u>** स्थानीय तह जनताको सबभन्दा नजीकको आफ्नो तह हो । देशको पहिलो इकाइ र जनताको समृद्धि, नागरिक सेवा, जीवनको स्तर सुधार, अनुशासित समाज निर्माणको निमित्त स्थानीय तहको भूमिका अत्यन्तै महत्वपूर्ण हो । र, त्यसैले देश निर्माण को निमित्त नै स्थानीय तहको अपेक्षित र प्रत्यासित दिशोन्मुख प्रगति जरुरी छ । लोकतन्त्रिक मधेशी मोर्चा स्थानीय तहको निर्वाचन निर्दलीय आधारमा हुनु पर्ने धारणा राख्द्छ । यसो भयो भने जनताले स्थानीय तहको आवश्यकता बुझ्ने, साधन-श्रोतको सही प्रयोग गर्न सक्ने, समाजमा समन्वयकारी भूमिका गर्ने व्यक्तिलाई योग्यताको आधारमा नेतृत्वको निमित्त निर्वाचित गर्न सक्नेछ । दलीय आधारको स्थानीय निर्वाचन दलहरुको वोटबैंक र दलभित्र पनि संस्थापन पक्षलाई मजबूत गर्ने साधनको रुपमा हुन गएको छ । दलहरुमा टिकट वितरणमा आएको विकृतिले गर्दा भ्रष्टाचारको जडो स्थानीय तहमा भित्रैसम्म प्रवेश गरेको मात्र होइन स्थानीय समाजमा विभिन्न खाले विभाजनको कारण समेत बन्न पुगेको छ । निर्दलीय आधारमा स्थानीय तहको निर्वाचन र प्रदेश तथा संघमा पूर्ण समानुपातिक निर्वाचन पद्धति अपनाइयो भने निर्वाचनमा खडा भएका विकृतिहरु न्यून हुनुका साथै संघीय निर्वाचनमा दलहरुको विचार, नीति र कार्यक्रमको अर्थ बढ्ने लोकतान्त्रिक मधेशी मोर्चाको ठहर हो ।

८. **<u>भारत-नेपाल सीमा क्षेत्रीय नागरिकको हकको संरक्षणः</u>** नेपाल र भारतको जनता धार्मिक, सांस्कृतिक र सामाजिक रुपमा समरुप छन् । भारतसंग नेपालको विशेष र भातृत्वपूर्ण सम्बन्ध छ । नेपाल र भारतका जनतालाई आवत्-जावत् गर्ने निर्बाध छूट मात्रै होइन, १९५० को मैत्री सन्धिले 'नेपाल सरकार र भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका अर्को मुलुकका जनतालाई निवास, सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरु त्यस्तै प्रकारका विशेषाधिकारहरुका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिने व्यवस्था समेत गरेको छ । खुला सिमाना भनेको र सन्धिमा रहेको प्रावधानको अर्थ तथा भाव दुबै देशको नागरिक बीचको सम्बन्ध र दैनन्दिनीलाई नखलबलाउने भनेको हो । जीवनयापन र बजार-हाटको गतिविधिमा कुनै अवरोध नहुनु यसको उद्देश्य हो । हालका दिनहरुमा यस प्रावधानको उल्लंघन भइरहेको छ । यसले गर्दा भारत-नेपाल सीमा क्षेत्रीय नागरिकको निर्बाध पारम्परिक दैनन्दिनीमाथि प्रतिकूल असर परेको छ । घरायसी प्रयोगको निमित्त गृहस्थीका सामानहरु, खेतीमा प्रयोग गरिने मल-खाद तथा बिउ-बीजन अथवा

व्यक्तिगत र विवाह-व्रतवन्धको प्रयोजनको निमित्त लत्ता-कपडा लगायत वन्दोवस्तीका सामानहरु ल्याउन लैजान समेत बाधित गर्ने, नागरिकसंग दुर्व्यवहार हुने जस्ता घटनाहरु हुने गरेका छन् । यसलाई तत्काल रोकिनु आवश्यक भएको ठहर गर्दै लोकतन्त्रिक मधेशी मोर्चा यसप्रति दुबैतिरका सरकारहरुको ध्यान आकर्षित गर्दछ ।

९. **<u>कृषि क्षेत्रको प्रतिफलमूलक सुधारः</u>** कुनै बेला ९०% जनताको उत्पादन र रोजगारको क्षेत्र तथा देशको सकल उत्पादमा ७५% योगदन गर्ने कृषि क्षेत्र अहिले अधोगतिमा छ । अचेल सकल उत्पादको एक तिहाई पनि योगदान गर्न सकिरहेको छैन । यस्तो अवस्था उत्पादनको अन्य क्षेत्रको विस्तारको कारणले मात्र आएको होइन । कृषि क्षेत्रको आधुनिकिकरण, सिंचाई सुविधा, किसानलाई नयाँ उपकरण एवं प्रविधिबारे प्रशिक्षण, प्रोत्साहन र सामाजिक क्षेत्रमा सम्मानको आभाव र लागत खर्चमा आकाशिंदो वृद्धिले यसो भएको हो । कृषि क्षेत्रमा राज्यको प्राथमिकता कर्मकाण्डी नै रहेको छ । राज्यले कहिल्यै समयमा मल-खाद, बीऊ जस्ता आवश्यक सामग्री पनि उपलब्ध गराउन सकेको छैन । परिणामतः आज कृषि क्षेत्रमा सक्रिय हुनु पर्ने ५०% बढी श्रम शक्ति बेरोजगार र निष्कृय छन् । देशको जनसंख्यालाई चाहिने चामल, दाल, तरकारीको उल्लेख्य भाग आयात गर्नु परेको छ । कृषि क्षेत्रको समस्याको समाधान देश र जनताको समृद्धिको निमित्त अपरिहार्य भएको हुँदा लोकतान्त्रिक मधेशी मोर्चा कृषि क्षेत्रको सुधारको निमित्त संघर्षरत रहने प्रण गर्दछ ।

१०. **<u>स्वदेशमा रोजगारः</u>** नेपालको कुल जनसंख्या मध्ये युवाहरु ४०.३५% भन्दा बढीको संख्यामा छन् । यी युवाहरू बेरोजगारीको मारमा रहेको सर्वविदितै छ । २०% पूर्ण बेरोजगारीको अवस्था भोगि रहेका छन् । स्वदेशमा आकर्षक रोजगारको अवसरको न्यून स्थितिका कारण युवा श्रमशक्तिलाई विदेशिनु परेको र आमा-बुवा, जहान-बच्चा, गाउँ-घर त्यागेर अरु देशको समृद्धिको निमित्त प्रतिकूल परिस्थितिमा श्रम बेच्न परिरहेको जगजाहेर छ । प्रत्येक वर्ष लगभग ५,४०,००० बढी युवाहरु खाडी मुलुकहरुमा गइरहेको अनुमान छ । देशका प्रतिभावान श्रमशक्ति मध्ये अधिकांश राम्रो तथा अवसरयुक्त रोजगार एवं शीप अनुसारको कार्यको निमित्त विदेशमा शरण लिन बाध्य छन् । यसले गर्दा आफ्नो श्रमशक्ति आफ्नै देशमा उत्पादनको निमित्त सक्रिय हुन सकिरहेको छैन र हुनु पर्ने उत्पादन वृद्धिमा उल्लेखनीय कमी भएको छ । युवा शक्ति विदेशिनु पर्दा हाम्रो सामाजिक संरचनामा समेत नराम्रो प्रभाव पर्दै गइरहेको स्थिति छ । सरकार भने रेमिटेन्सको स्थिति हेरेर मक्ख छ । अहिले कुल राष्ट्रीय आयमा रेमिटेन्सको योगदान २५% भन्दा बढी छ । स्वदेशमा रोजगारको अवसर वृद्धिलाई प्राथमिकतामा राख्नु भन्दा रेमिटेन्स आर्जनमा वृद्धिका उपायहरुको खोजी सरकारको निमित्त महत्वपूर्ण भएको देखिन्छ । वैश्विक अवस्थामा अप्रत्याशित परिवर्त्तन हुँदा नेपलको युवा जनसंख्या कहाँ जानेछन् ? यस्तो स्थितिको सानो झलक कोरोना महामारीको समयमा देखिएकै हो । अतएव, युवाहरुको निमित्त स्वदेशमै आकर्षक रोजगारको अवसरको निर्माण जरुरी छ । यसको निमित्त कृषिको आधुनिकिकरण तथा आद्योगिक-व्यापारिक क्षेत्रहरुको निर्माण आवश्यक छ । लोकतान्त्रिक मधेशी मोर्चा युवाहरुलाई स्वदेशमै आकर्षक रोजगार तर्फ राज्यको अग्रसरताको निमित्त आवाज उठाउने छ ।

११. **<u>भ्रष्टाचारबाट मुक्ति</u>**: भ्रष्टाचार हाम्रो प्रगतिको बाटोमा सबभन्दा ठूलो अवरोधक र कोढ हो । देशको हरेक क्षेत्रमा यसको खुला पैठले गर्दा विकास, नागरिक सेवा लगायत सामान्य जनजीवनको सहज गतिलाई यसले अवरुद्ध गरिदिएको छ । एकात्मकबाट संघीय संरचनामा प्रवेशपछि भ्रष्टाचार नियन्त्रित हुँदै जानु पर्नेमा सो नभई झनै बढेको स्थिति छ । स्वशासनका समर्थकहरुले स्वयं पनि यस मामिलामा

फरक देखा पर्न सकेका छैनन् । यदाकदा विधिको प्रतिकूल गरिएका आचरणलाई राजनीतिक कारणले वेवास्ताले भ्रष्टाचारलाई झन-झन संस्थागत गर्दै आएको छ । सत्ता र कुर्सीको निमित्त सहमति खोज्नेहरू भ्रष्टाचारलाई नियन्त्रित गर्ने मामलामा सहमति खोज्ने र सामूहिक प्रयत्न गर्न कुनै पहल कहिल्यै गरेनन् । लोकतान्त्रिक मधेशी मोर्चा पारदर्शिता, जबाफदेहिता को प्रवर्तनमाथि जोड दिंदै सेवा र निष्पक्ष न्यायप्राप्तिको सुनिश्चितताको निमित्त भ्रष्टाचारबाट मुक्तिको अभियान आगाडि बढाउने छ ।

तराई-मधेश लोकतान्त्रिक पार्टी

नेपाल सद्भावना पार्टी

इतिहासिक जनता पार्टी

राष्ट्रीय सद्भावना पार्टी

२०७९, चैत्र १३ गते